नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

फोन नं: ०१-५४२४३५२
०१-५०१०१११
०१-५४५३७९८
०१-५४४१६०१
Webside:www.npponepal.gov.np
Email: info@npponepal.gov.np

प.सं:- वि.सं. सं.शा. २०८२/८३
च.न.:

मिति:२०८३/०२/२७

विषय: भारतीय आँप पैठारीको सम्बन्धमा स्पष्ट पारिएको ।

विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा भारतीय आँपको पैठारीमा प्रतिबन्ध लगाइएको भन्ने समाचार प्रति यस केन्द्रको ध्यानाकर्षण भएको छ । नेपालको राष्ट्रिय बिरुवा संरक्षण संगठनको रुपमा कार्यरत यस केन्द्रबाट विरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ बमोजिम जैविक सुरक्षाका उपायहरु अपनाउने सिलसिलामा नियमित रुपमा शत्रुजीव जोखिम विश्लेषण हुने गरेको र यसैका आधारमा जोखिमयुक्त रहेको शुत्रजीवको प्रवेश हुन नदिन विरुवा स्वच्छताका उपायहरु अपनाउने कार्य भैरहेको छ ।

यसै क्रममा भारतबाट पैठारी हुने आँपको हकमा अन्तर्राष्ट्रिय अभ्यास अनुसार केही शत्रुजीवहरुको मुक्तता र ४८ डिग्री सेन्टिग्रेड तापक्रमको पानीमा १ घण्टा उपचार गर्नुपर्ने विरुवा स्वस्थताको उपाय अवलम्बन मात्र गरिएको छ । यस केन्द्रबाट भारतीय आँप पैठारीको लागि प्रतिबन्ध लगाउने कार्य नभएको र माग भएअनुसार प्रवेश अनुमति पत्र जारी भैरहेको एवम् भारत सरकारको राष्ट्रिय बिरुवा संरक्षण संगठनबाट सो अनुसार हुने गरी जारी भएको बिरुवा स्वस्थता प्रमाण पत्रका आधारमा नेपालमा पैठारीको लागि छोडपुर्जी जारी भैरहेको बेहोरा सम्बन्धित सबैलाई जनकारीको लागि अनुरोध छ ।

२०८३/०२/२७

प्रमुख